*परिवर्तनका लागि युवा*

# गतिशील युवा मञ्च

## पृष्ठभुमी

विकासको क्रम जतिसुकै बढ्दै गएतापनि आजसम्म पनि हामी वरिपरिको समुदाय र समाजमा विकास-बाधक समस्याहरूले जरो गाडेर बसेका छन् । अन्याय, अत्याचार, महिला र बालबालिकाको अधिकार हनन्, उनीहरुमाथिको हिंसा, जातीय, वर्गीय, लिङ्गीय, क्षेत्रीय, धार्मिक र सांस्कृतिक भेदभाव-थिचोमिचो, दण्डहीनता त छँदैछन् , समस्या समाधानका लागि आफू र अरुद्वारा समेत सक्षम ठहरिएका युवाहरुसमेत बेरोजगारी, गरिबी, परम्परागत अन्धविश्वास र इच्छा नभएका कार्यहरूमा पारिवारिक-सामाजिक दवाव, विचारको सामञ्जस्यताको अभावजस्ता समस्याबाट ग्रसित छन् । यी समस्याहरूले प्रथमतः व्यक्तिगत रूपमा एक युवाको जीवनलाई प्रभाव पार्दछन् भने समग्रमा राष्ट्रनिर्माणका लागि एक महत्वपूर्ण पूर्वाधारको अभाव हुन सक्छ । त्यसैले देश विकासका मेरुदण्ड, राष्ट्रनिर्माता युवाहरूका समस्या समाधान गर्नु आवश्यक छ । यी कु-प्रवृत्तिहरुलाई एकजुट नभई एकल प्रयासद्वारा मात्र समाधान गर्न सकिदैन । बरु सबै एकजुट भई यस्ता समस्याहरूको जरो उखेल्न सकेमा मात्र राष्ट्रनिर्माणको सपना पूरा गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै सङ्गठित भएका युवाहरुको संयुक्त मञ्च हो - गतिशील युवामञ्च (डिफ्) ।

## परिचय

गतिशील युवा मञ्च, (Dynamic Youth Forum) डिफ, न्याय र महिला तथा बालबालिकाहरुको विरुद्ध हुने हिंसा र दुर्व्यहारको विरोधमा तथा मानव अिधारको संरक्षण र सम्वर्द्धनमा सक्रिय हुन चाहने र आफ्नो अधिकारको सदुपयोग गर्दै कर्तव्यलाई व्यवहारमा प्रयोग गर्न अगाडि बढेका युवा समुहरुको सङ्गठित स्वरुप हो । यो कुनै पनि सङ्ग-सङ्गठन, संस्था, समूह वा राजनितीक दलको भातृ सङ्गठन नभई आफ्नो स्वायत्त र स्वतन्त्र अस्तित्व भएको स्वयंसेवी युवा समूह हो ।

## परिदृश्य

शिक्षित, आत्मनिर्भर, कर्तब्यनिष्ठ, सचेत र सामाजिक परिवर्तन तथा देश विकासमा समर्पित एवं समावेशि र लोकतान्त्रिक तवरले सँगठित नेपाली युवा ।

## परिलक्ष्य

युवा अधिकार र सामाजिक उत्तरदायित्वको ब्यबहारिक कार्यान्वयनका लागि युवा शिक्षा, रोजगारी, मानव अधिकार, विकास तथा शान्तिका अभियानहरु सञ्चालन गर्न युवाहरुलाई सँगठित रुपमा परिचालन गर्ने ।

## लक्ष्य

आफ्नो अधिकार र कर्तव्यबारे सचेत र सकारात्मक परिवर्तनका निम्ति अग्रसर युवा समूह विकास गर्ने ।

## रणनितिहरु

- युवा सशक्तिकरण तथा संगठित परिचालन
- विकासमा युवाहरुको हातेमालो तथा साझेदारी
- युवा र उनीहरुको योगदानको सामाजिक पहिचान र मान्यता विकास तथा सुनुवाइ

उद्देश्यहरु

- ✓ युवा समुदायमा सकारात्मक सोंच र व्यबहारको विकास गर्ने ।
- ✓ युवाहरुलाई जीवनउपयोगी सिप र शिक्षा प्रदान गरी सशक्तीकरण तथा सँगठित गर्ने ।
- ✓ युवा समुदायलाई मानव अधिकार, सुशाषन र शान्ति प्रवर्द्धन गर्न उत्प्रेरकका रुपमा परिचालन गर्ने ।
- ✓ सामाजिक परिवर्तनका लागि राजनितिक, आर्थिक तथा सामाजिक विकासका अभियनहरुको युवा समुदायको साझेदारीमा सञ्चालन गर्ने परिवेश निर्माण गर्ने ।

डिफ आद्द युवा क्लबहरु

डिफमा मुख्यतया १५ देखि २५ बर्ष उमेर समुहका युवाहरु विभिन्न खाले युवा समहका सदस्य भई सकृय हुन सक्दछन् । तर एक समुहमा सदस्य भइसकेको युवा त्यो समुह नछाडेसम्म अर्को समुहमा आवद्द हुन सक्दैन । डिफका सदस्य युवा समुहहरुलाई दुइ ढंगले हेर्न सकिन्छ । एक सदस्य युवाहरुको आर्थिक सामाजिक पृष्ठभमिका आधारमा र अर्को युवा समुहको कार्यक्षेत्रको आधारमा ।

१) स्वयं श्रमिक तथा गरिबीमा रहेका युवाहरुको समुह : विभिन्न खाले श्रममा संलग्न (विशेषत घरेलु श्रम) तथा गरिबीमा रहेका एवं अवसरबाट बंचित पारिएका युवाहरुको सँगठित समुह एक युवा समुह हुन सक्दछ । डिफ यस्ता खाले युवा समुहको गठन, सबलीकरण तथा परिचालनलाई प्राथमिकता प्रदान गर्दछ ।

२) मिश्रीत युवा समुह : केवल गरिबीमा रहेका, श्रमिक तथा पछाडी पारिएका युवाहरुको मात्र नभई तुलनात्मक रुपमा अवसर प्राप्त युवाहरु समेत सम्मिलित भई पनि युवा समुह गठन गर्न सक्छन् । यस्तो युवा समुहलाई पनि डिफले आफ्नो सदस्य समुहको रुपमा स्विकार्दछ । तर यस्ता युवा क्लबहरुमा ६० प्रतिशत सुविधा विहीन र ४० प्रतिशत सुविधा प्राप्तहरुको तथा कार्य विभाजन कार्यसमितिको प्रतिनिधित्व समानुपातिक हुन जरुरी छ ।

३) सुविधाप्राप्त युवा समुह : सुविधाविहिन युवा तथा बालबालिकाहरुको अधिकार संरक्षण र सम्वर्द्धन गर्न तथा उनीहरुको सशक्तिकरणका लागि तुलनात्मक रुपमा सुविधा प्राप्त युवाहरुले पनि विभीन्न युवा समुह गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्छन् । यस्ता युवा समुहहरु पनि डिफका सदस्य समुहको रुपमा क्रियाशिल हुन सक्दछन् ।

*त्यसैगरी युवा समुह क्रियाशिल क्षेत्रको आधारमा यसलाई मुख्य तया २ किसिमले विभाजन गर्न सकिन्छ :*

१) विद्यालय तथा कलेज आधारित : विभिन्न विद्यालय तथा कलेजलाई आफ्नो कार्यक्षेत्र बनाएर विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका युवा समुहहरु विद्यालय तथा कलेज आधारित यवा समुहहरु हुन् । यी युवा समुहहरुले विशेषत कलेज तथा विद्यालयभित्र सिमित भई बालबालिका तथा युवाका विभन्न मुद्दाहरु उठान गर्ने र दबाब सृजना गर्ने कार्य गर्दछन् ।

२) समुदायमा आधारित : स्थानीय भुगोलको निश्चित क्षेत्रलाई आफ्नो कार्यक्षेत्र निर्धारण गरी विभिन्न कार्यक्रमहरु आयोजना गर्ने युवा समुहहरुलाई समुदायमा आधारित युवा समुह भनिन्छ । यस्ता युवा समुहहरुले समुदायमा नै विभिन्न रचनात्मक तथा दबाबमुलक एवं जनचेतनामुलक कार्यक्रमहरुको आयोजना गरी बालबालिका तथा युवाका विषयहरुलाई उठान गर्ने गर्दछन् ।

डिफको सँगठन संरचना

*डिफको सँगठन संरचना तल दिइए अनुसार हुन्छ :*

प्रत्येक युवा क्लब ११ देखि २५ सदस्यीयसम्म हुन सक्दछ । जसमा : अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव कोषाध्यक्ष, विभिन्न समितिका संयोजकहरु तथा सदस्यहरु हुन्छन् । सदस्य संख्या धेरै भएको (१५भन्दा बढी) युवा क्लबमा भने कार्य सञ्चालनको लागि ७ देखि ९ सदस्यीय सचिवालय गठन गर्न सकिन्छ ।

यसरी गठन भएका प्रत्येक १२ युवा क्लबहरुको एक युवा सञ्जाल गठन गरिन्छ र यस्ता प्रत्येक १२ सञ्जालबाट एक सेक्टर प्रत्येक १२ सेक्टर बाट एक युवा सर्कल गठन गरिनेछ । यस्तो युवा सर्कलहरुको बार्षिक सम्मेलनबाट डिफ सचिवालय गठन गरिनेछ ।

यस संरचनालाई तल चित्रमा यसरी उल्लेख गरिएको छ :




**थप जानकारीका लागि**
गतिशील युवामञ्च (डिफ)
*Dynamic Youth Forum (DYF)*
गंगाहिटी, चाबहिल, काठमाण्डौ
फोन नं. ४४७४६४५, २०६१२१३
पो.ब.नं.-२१४३३
इमेल : youth.dynamic@gmail.com